NABIL BANK®
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

च.नं. 53/CS/2082/83

मिति : २०८२/०९/०७

**श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड**
**युएनआई शान्ति मार्ग, भद्रकाली**
**काठमाडौं ।**

**विषय : <u>४१औं वार्षिक साधारणसभा तथा शेयरधनी दर्ता किताब बन्द हुने सम्बन्धमा ।</u>**

महोदय,

उपर्युक्त सम्बन्धमा मिति २०८२/०९/०६ गते बसेको यस बैंकको ६९६औं सञ्चालक समितिको बैठकबाट मिति २०८२ पौष २८ गते सोमवार (तदनुसार १२ जनवरी, २०२६)का दिन बिहान ११:१५ बजे त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौंमा बैंकको ४१औं वार्षिक साधारणसभा बस्ने निर्णय भएको जानकारी गराउँदै वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८२/०९/१६ गते (तदनुसार ३१ डिसेम्बर २०२५), बुधवार १ (एक) दिन शेयरधनी दर्ता किताब बन्द रहने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

साथै, नबिल बैंक लिमिटेडको ४१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८२/०९/०७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको जानकारी गराउँदै सूचनाको विवरण यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

भवदीय,

NABIL BANK Head Office Teendhara, Kathmandu

भिष्म न्यौपाने
कम्पनी सचिव

P.O. Box 3729 Teendhara, Durbarmarg, Kathmandu, Nepal
+977 01 5971871 info@nabilbank.com www.nabilbank.com NARBNPKA

# नबिल बैंक लिमिटेडको ४१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

नबिल बैंक लिमिटेडको मिति २०८२/०९/०६ मा बसेको सञ्चालक समितिको ६९६औं बैठकको निर्णयानुसार निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरूमा छलफल गर्नका लागि बैंकको ४१औं वार्षिक साधारण सभा बोलाइएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ तथा बैंकको नियमावलीको नियम ४(३) को व्यवस्था अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. मिति, स्थान तथा समयः**
मिति : २०८२ साल पौष २८ गते, सोमवार (तदनुसार १२ जनवरी २०२६) ।
स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।
समय : बिहान ११:१५ बजेदेखि ।

**२. छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्ताव**
१. सञ्चालक समितिको प्रतिवेदन २०८१/८२ पारित गर्ने,
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने,
३. यस बैंकको सहायक कम्पनी नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड र नबिल स्टक डिलर लिमिटेडको आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने,
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको १२.५० प्रतिशत नगद लाभांश (नगद लाभांशमा लाग्ने कर समेत)ले हुने रकम रू ३,३८,२१,२४,५९१.१३ (अक्षेरेपी तीन अर्ब अठतीस करोड एक्काइस लाख चौबिस हजार पाँच सय एकानब्बे रुपैयाँ र तेह्र पैसा मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने,
५. आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक B.R.S. Neupane & Co., Chartered Accountants पुनः नियुक्त हुन योग्य हुनुहुन्छ),
६. स्वतन्त्र सञ्चालक नियुक्तीको जानकारी सम्बन्धमा (बैंक सञ्चालक समितिको मिति २०८१/१०/१४ मा सम्पन्न बैंकको ६७३औं बैठकले स्वतन्त्र सञ्चालकमा श्री सरिता भट्ट अधिकारीलाई ४ बर्षको लागि नियुक्त गरेको), र
७. संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद एक(१)को निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव**
१. आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने,
२. नियमावलीको नियम २क.(छ), ४(४), ६(२), २१(३) ३१(३) र ४१(२५) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने तथा संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति)लाई अख्तियारी दिने, र
३. नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध (अध्यक्षको अनुमतिमा)**

**सञ्चालक समितिको निर्णयानुसार**
कम्पनी सचिव

वि.सं. २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा सञ्चालक समितिको प्रतिवेदन बैंकको वेबसाईट www.nabilbank.com मा र यसै सूचनामा प्रकाशित QR Code मार्फत प्राप्त गर्न सकिनेछ ।

**साधारण सभा सम्बन्धी अन्य जानकारी**
१. नगद लाभांश प्रयोजनको निम्ति मिति २०८२/०९/१६ गते शेयरधनी दर्ता पुस्तिका बन्द गरिनेछ ।
२. सभामा भाग लिन ईच्छुक शेयरधनीले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। दर्ता काउन्टर/हाजिरी पुस्तिका सो दिन बिहान ०९:०० बजेदेखि दिउँसो १२:१५ बजेसम्म खुल्ला हुनेछ । तत् पश्चातः दर्ता काउन्टर बन्द गरिनेछ ।
३. सभामा प्रवेशका लागि DMAT Account No. वा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्रको प्रतिलिपि अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाइने छैन ।
४. सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि अर्थात् मिति २०८२/०९/२५ का दिन विहान ११:१५ बजेभित्र नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नारायणचौर, नक्साल, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लिखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहनेछ ।
५. सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् मिति २०८२/०९/२६ का दिन बिहान ११:१५ बजेभित्र नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नारायणचौर, नक्साल, काठमाडौंमा प्राप्त हुने गरी सो को सूचना पठाउनु पर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लिखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहनेछ ।
६. संयुक्त रूपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतिमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतिबाट नियुक्त प्रोक्सीले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ। कम्पनीको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ ।
७. नाबालक तथा मानसिक रुपमा अशक्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नु हुनेछ।
८. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषयबारे सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत् बैंक सञ्चालक समितिका अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।
९. शेयरधनी महानुभावहरुले सभामा उपस्थित हुँदा सुरक्षाको दृष्टिकोणले यथाशक्य झोला, प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्ने व्यक्तिको आवश्यकतानुरूप सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ।
१०. संस्थापक समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धी तालिका बैंकको बेवसाइटमा पछि प्रकाशन गरिनेछ ।
११. शेयरधनीले साधारण सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउने गरी बैंकको अन्य कुनै शेयरधनीलाई आफ्नो प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।
१२. सञ्चालक निर्वाचन भाग लिन चाहने उम्मेदवारले बैंकको निर्वाचन निर्देशिका, २०७७ को अनूसूचीमा उल्लिखित ढाँचाको मनोनयन पत्र तथा मनोनयन पत्र दस्तुर रु.५,०००/- (फिर्ता नहुने) सहित निर्वाचन तालिकामा उल्लिखित मितिभित्रमा निर्वाचन अधिकृत समक्ष व्यक्तिगत रुपमा आफै उपस्थित भई मनोनयन पत्र दाखिला गर्नुपर्नेछ। संस्थाको तर्फबाट उम्मेदवारी दिने व्यक्तिले आधिकारीक पत्र सहित मनोनयन पत्र दाखिला गर्नु पर्नेछ।

# नबिल बैंक लिमिटेडको आ.व २०८१/८२ को संक्षिप्त वित्तीय विवरण

(कम्पनी ऐन, २०६३ को दफा ८४ प्रयोजनार्थ)

आदरणीय शेयरधनी महानुभावहरु,
नबिल बैंक लिमिटेडको ४१ औं वार्षिक साधारणसभा प्रयोजनार्थ २०८२ साल आषाढ मसान्तको एकीकृत वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाबको विवरण लगायतको अन्य वित्तीय विवरण र सूचकांकको झलक यस संक्षिप्त वित्तीय विवरण मार्फत् जानकारी गराउँदछौं ।

**१) यहाँहरूको जानकारीका लागि बैंकको वित्तीय विवरण पेश भएको आर्थिक वर्ष र सो को अघिल्लो वर्षका केही प्रमुख वित्तीय झलकहरू प्रस्तुत गरिएको छ ।** **रू. करोडमा**

| क्र. सं. | प्रमुख सूचकांक | आषाढ मसान्त | | वार्षिक वृद्दि | वार्षिक वृद्दिदर (%) |
|---|---|---|---|---|---|
| | | २०८२ | २०८१ | | |
| १ | चुक्ता पूँजी | २७,०६ | २७,०६ | – | – |
| २ | शेयरधनीको जेथा | ६२,५३ | ५८,६८ | ३,८६ | ६.५७ |
| ३ | निक्षेप दायित्व | ५,३३,२६ | ४,६८,७९ | ६४,४७ | १३ .७५ |
| ४ | कर्जा तथा सापटी | ४,२५,१९ | ३,८५,७२ | ३९,४६ | १०.२३ |
| ५ | लगानी तथा प्लेसमेन्ट | १,४३,४५ | १,१९,११ | २४,३४ | २०.४४ |
| ६ | वासलातको आकार | ६,३६,७९ | ५,५७,०२ | ७९,७७ | १४.३२ |
| ७ | बजार पूँजीकरण | १,४६,४८ | १,४१,७८ | ४,७० | ३.३१ |
| ८ | खुद मुनाफा (उल्लिखित वर्षहरुको लागि मात्र) | ५,९२ | ६,१९ | (२७.५०) | (४.४४) |
| ९ | कुल पूँजी पर्याप्तता अनुपात (प्रतिशतमा) | ११.८१ | १२.२४ | (०.४३) | (३.५२) |

गत आर्थिक वर्षको तुलनामा बैंकको निक्षेप दायित्वमा रू. ६४ अर्ब ४७ करोड अर्थात् १३.७५ प्रतिशतले वृद्दि भई रू. ५ खर्ब ३३ अर्ब २६ करोड पुगेको छ भने कर्जा तथा सापटी रू. ३९ अर्ब ४६ करोड अर्थात् १०.२३ प्रतिशत वृद्दि भई रू.४ खर्ब २५ अर्ब १९ करोड पुगेको छ। सोही अवधिमा खुद मुनाफा रू. २७ करोड ५० लाखले अर्थात् ४.४ प्रतिशतले ह्रास भई रू. ५ अर्ब ९२ करोड रहेको छ । खुद ब्याज आम्दानी, खुद शुल्क तथा कमिशन आम्दानी, अन्य सञ्चालन आम्दानीमा तथा खुद व्यापारिक आम्दानीमा वृद्दि देखिएतापनि सञ्चालन खर्च तथा गैर सञ्चालन खर्चमा आएको वृद्दिका कारणले खुद मुनाफामा ४.४४ प्रतिशत ले ह्रास आएको छ । यस अवधिमा बैंकको लगानी २०.४४ प्रतिशतले वृद्दि भई रू. १ खर्ब ४३ अर्ब ४५ करोड पुगेको छ । पूँजी बजारमा देखिएको उतारचढाव बाबजुद बैंकको प्रति शेयर मूल्य आषाढ मसान्त २०८१ मा रू. ५२४ बाट आषाढ मसान्त २०८२ मा रू. ५४१.३७ पुगेकाले बजार पूँजीकरण सामान्य रूपले वृद्दि भएको छ । समग्रमा आ.व.२०८१/८२ मा वासलातको आकार १४.३२ प्रतिशतले वृद्दि भई रू. ६ खर्ब ३६ अर्ब ७९ करोड पुगेको छ । बैंकको कुल पूँजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकद्वारा निर्देशित ११ प्रतिशतभन्दा ०.८१ प्रतिशतले बढी रहेको छ, जसले गर्दा बैंकलाई आगामी दिनहरूमा थप व्यवसाय विस्तार गर्न आवश्यक पूँजी उपलब्ध भएको छ । तरलता लगायत अन्य वित्तीय सूचकहरूपनि सन्तोषजनक रहेका छन् ।

**२) लेखापरीक्षकको मन्तव्य**
बैंकको आ.व २०८१/८२ को एकीकृत वित्तीय अवस्थाको विवरण, एकीकृत नाफा नोक्सान हिसाबको विवरण, सोहि अवधिको एकीकृत नगद प्रवाह लगायतको अन्य वित्तीय विवरणहरुमा नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन तथा सर्वमान्य लेखाका सिद्धान्त अनुसार यथार्थपरक रहेको राय सहितको प्रतिवेदन रहेको छ।

**३) आ.व २०८१/८२ को संक्षिप्त वित्तीय विवरण**

**नबिल बैंक लिमिटेडको**
**२०८२ साल आषाढ मसान्तको**
**एकीकृत वित्तीय अवस्थाको विवरण** रू.

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
| **सम्पत्ति** | | | | |
| नगद तथा नगद सरह | १२,८२,३२,०६,९१४ | ८,३३,१३,५२,१९९ | ७,५१,९०,८८,५१३ | ८,१७,८९,८७,८०३ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २१,३०,९८,९८,१९० | २०,१८,२९,०५,२७२ | २१,३०,९८,९८,१९० | २०,१८,२९,०५,२७२ |
| बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्ट (Placement) | २४,२७,९३,६६,४७० | १४,२८,७५,३१,४१९ | २४,२७,९३,६६,४७० | १४,२८,७५,३१,४१९ |
| व्यूत्पन्न वित्तीय उपकरणहरू | २०,३४,५५,५९,३८९ | ७,७८,१५,२९,९१८ | २०,३४,५५,५९,३८९ | ७,७८,१५,२९,९१८ |
| अन्य व्यापारिक सम्पत्ति (Other Trading Assets) | १,६०,१७,८४,८४९ | ८८,०१,२९,६५३ | – | – |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | १४,१९,५५,०५,८६८ | १२,१४,९९,३९,७७१ | १४,१९,५५,०५,८६८ | १२,१४,९९,३९,७७१ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटी | ४,१०,९९,२०,४१,००३ | ३,७३,४७,७९,२५,३९९ | ४,१०,९९,२०,४१,००३ | ३,७३,५७,४१,५६,६७८ |
| लगानी उपकरण (Investment Securities) | १,१७,६७,५१,४८,४३५ | १,०४,०२,५१,७५,६८८ | १,१७,२८,९४,८५,११८ | १,०२,९४,०७,११,७५९ |
| चालु कर सम्पत्ति (Current Tax Assets) | १,०५,०८,०६,९७४ | – | १,०१,६१,२५,३०५ | – |
| सहायक कम्पनीमा लगानी | – | – | १,७९,८०,००,००० | १,७९,८०,००,००० |
| सम्बद्ध (Associate) कम्पनीमा लगानी | २०,१६,८२,७३६ | २२,८२,३१,३६९ | ८,००,००,००० | ८,००,००,००० |
| लगानी सम्पत्ति (Investment Property) | ४,०६,७७,६५,६६४ | २,९६,२६,३४,२१७ | ४,०६,७७,६५,६६४ | २,९६,२६,३४,२१७ |
| सम्पत्ति तथा उपकरण | ४,४८,८५,३४,१३२ | ४,१९,५५,४३,७८८ | ४,४६,४८,९३,६८७ | ४,१७,३२,०३,७२१ |
| ख्याती तथा अमुर्त सम्पत्ति (Goodwill and Intangible Assets) | ३८,००,५५,९१८ | ३०,००,२१,८२७ | ३७,२१,५४,१३१ | २९,२३,०९,३१७ |
| स्थगन कर सम्पत्ति (Deferred Tax Assets) | – | – | – | – |
| अन्य सम्पत्ति | ९,९२,८२,५०,४४८ | ९,१७,१०,६३,७४२ | ९,०५,७४,८९,२२७ | ८,६१,७९,८१,२२९ |
| **कुल सम्पत्ति** | **६,४३,३३,९६,०६,९९१** | **५,५७,९७,३९,८४,२६२** | **६,३६,७८,७३,७२,५६५** | **५,५७,०१,९८,९१,१०५** |
| **दायित्व** | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी रकम | ८,६३,३७,४६,८९५ | ६,६८,७८,१२,२१२ | ८,६३,३७,४६,८९५ | ६,६८,७८,१२,२१२ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | – | – | – | – |
| व्यूत्पन्न वित्तीय उपकरणहरु | २०,४०,१९,१६,५८४ | ७,७६,३७,४१,३६९ | २०,४०,१९,१६,५८४ | ७,७६,३७,४१,३६९ |
| ग्राहकबाट प्राप्त निक्षेप (Deposit from Customers) | ५,२४,०५,७६,९२,३१४ | ४,६१,६०,३०,८७,३५४ | ५,२४,६२,५९,५९,४२४ | ४,६२,०९,७४,१८,७३० |
| सापटी (Borrowing) | ४६,३०,००,०८४ | – | – | – |
| चालु कर दायित्व (Current Tax Liabilities) | – | ३,२१,६३,४९५ | – | ३,८२,७५,८५६ |

क्रमश:

क्रमश: एकीकृत वित्तीय अवस्थाको विवरण

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
| नोक्सानी व्यवस्थाहरु (Provisions) | – | – | – | – |
| स्थगन कर दायित्व (Deferred Tax Liabilities) | १,७१,१६,०७,८०३ | १,६०,५५,४७,४३१ | १,७१,४९,४९,४२७ | १,६०,७५,५२,७६९ |
| अन्य दायित्व | १५,०९,२२,०१,१८३ | ११,२४,४१,२९,१८८ | ९,२४,५८,७६,२८५ | १०,५१,९७,१६,०१५ |
| जारी गरेको ऋणपत्रहरु | ९,६३,०७,७३,२४३ | ९,६२,८४,४०,१७८ | ९,६३,०७,७३,२४३ | ९,६२,८४,४०,१७८ |
| सहायक आवधिक दायित्व (Subordinated Liabilities) | – | – | – | – |
| **कुल दायित्व** | **५,७९,९९,०९,३८,१०५** | **४,९८,५६,४९,२१,२२७** | **५,७४,२५,३२,२१,८५८** | **४,९८,३४,२९,५७,१२९** |
| **पूँजी** | | | | |
| शेयर पूँजी | २७,०५,६९,९६,७२९ | २७,०५,६९,९६,७२९ | २७,०५,६९,९६,७२९ | २७,०५,६९,९६,७२९ |
| शेयर प्रीमियम | – | – | – | – |
| सञ्चित मुनाफा | ४,१६,०४,४४,४८८ | ३,४०,३४,२२,१७६ | ३,८५,५५,०५,५६७ | ३,०८,२९,०४,१८१ |
| जगेडा तथा कोषहरु | ३१,८३,५८,३९,९६४ | २८,६७,२३,७६,५७३ | ३१,६२,१६,४८,४११ | २८,५३,७०,३३,०६६ |
| **बैंकका शेयरधनीहरुको कुल पूँजी** | **६३,०५,३२,८१,१८१** | **५९,१३,२७,९५,४७८** | **६२,५३,४१,५०,७०७** | **५८,६७,६९,३३,९७६** |
| नियन्त्रण नहुने स्वार्थ (Non Controlling Interest) | २९,५३,८७,७०५ | २७,६२,६७,५५८ | – | – |
| **कुल पूँजी** | **६३,३४,८६,६८,८८६** | **५९,४०,९०,६३,०३६** | **६२,५३,४१,५०,७०७** | **५८,६७,६९,३३,९७६** |
| **कुल पूँजी तथा दायित्व** | **६,४३,३३,९६,०६,९९१** | **५,५७,९७,३९,८४,२६२** | **६,३६,७८,७३,७२,५६५** | **५,५७,०१,९८,९१,१०५** |
| भैपरी आउने दायित्व तथा प्रतिवद्धता | २,२५,०८,५९,०१,७०५ | २,२६,३३,७२,४५,७३६ | २,२५,०८,५९,०१,७०५ | २,२६,३३,७२,४५,७३६ |
| प्रति शेयर खुद सम्पत्ति | २३४ .१३ | २१९ .५७ | २३१ .१२ | २१६ .८६ |

**नबिल बैंक लिमिटेडको**
**एकीकृत नाफा नोक्सान हिसाबको विवरण मिति २०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्म** रू.

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
| ब्याज आम्दानी | ४०,५१,६५,५६,३६८ | ४६,५७,६६,४५,०६६ | ४०,४७,०४,८५,९१० | ४६,४१,३४,२६,२१४ |
| ब्याज खर्च | २४,१६,८४,६०,९७२ | ३०,११,०९,२५,५७३ | २४,१४,३२,०४,९०१ | ३०,०९,६१,११,४८९ |
| **खुद ब्याज आम्दानी** | **१६,३४,८०,९५,३९६** | **१६,४६,५७,१९,४९४** | **१६,३२,७२,८१,००९** | **१६,३१,७३,१४,७२४** |
| शुल्क तथा कमिशन आम्दानी | ४,६१,६३,६२,५९६ | ४,२२,८१,०८,७२० | ४,३१,१७,४३,०६९ | ३,९८,३६,७४,०५३ |
| शुल्क तथा कमिशन खर्च | ९४,१८,९५,२२४ | ७७,१८,१९,९६० | ८९,४२,७७,१६० | ७४,१९,५०,७१७ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **३,६७,४४,६७,३७२** | **३,४५,६२,८८,७६०** | **३,४१,७४,६५,९०९** | **३,२४,१७,२३,३३६** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | **२०,०२,२५,६२,७६८** | **१९,९२,२०,०८,२५४** | **१९,७४,४७,४६,९१८** | **१९,५५,९०,३८,०६१** |
| खुद व्यापारिक आम्दानी | ८१,०७,७९,०९५ | ५८,८७,७३,९७३ | ७६,८१,२४,३०३ | ५३,६६,५५,४७५ |
| अन्य सञ्चालन आम्दानी | ७१,६२,०३,५९४ | २४,२०,५९,७२९ | ४९,३५,२४,६०४ | २१,५६,६८,८०३ |
| **कुल सञ्चालन आम्दानी** | **२१,५४,९५,४५,४५७** | **२०,७५,२८,४१,९५६** | **२१,००,६३,९५,८२५** | **२०,३१,१३,६२,३३९** |
| कर्जा तथा अन्य सम्पत्तिमा भएको नोक्सानी / (फिर्ता) | ४,२०,१४,१२,३५५ | ४,६३,७७,३९,००४ | ४,२०,१४,१२,३५५ | ४,६३,७७,३९,००४ |
| **खुद सञ्चालन आम्दानी** | **१७,३४,८१,३३,१०२** | **१६,११,५१,०२,९५१** | **१६,८०,४९,८३,४७०** | **१५,६७,३६,२३,३३४** |
| **सञ्चालन खर्च** | | | | |
| कर्मचारी खर्च | ५,१५,५०,५१,३५६ | ४,७४,८९,०२,३७२ | ५,०४,८९,३५,३३९ | ४,६६,०८,७६,३२९ |
| अन्य सञ्चालन खर्च | १,७९,१६,८०,२३३ | १,७१,२०,५९,४६४ | १,७६,००,८६,६७० | १,६८,५४,२६,८५३ |
| ह्रास कट्टी तथा परिशोधन | ७७,५०,२३,१२२ | ६९,३८,१७,०४५ | ७६,०५,०३,४०१ | ६७,९६,८३,०८२ |
| **सञ्चालन मुनाफा** | **९,६२,६३,७८,३९२** | **८,९६,०३,२४,०७०** | **९,२३,५४,५८,०६०** | **८,६४,७६,३७,०७०** |
| गैर सञ्चालन आम्दानी | ७,४८,६६,०२९ | ८,७३,२९,७६१ | ७,४८,६६,०२९ | ३,८१,६५,०२५ |
| गैर सञ्चालन खर्च | ६०,४२,१७,६५५ | ८,९७,३९,८७३ | ५७,७६,६९,०२२ | ८,९७,३९,८७३ |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **९,०९,७०,२६,७६६** | **८,९५,७९,१३,९५८** | **८,७३,२६,५५,०६७** | **८,५९,६०,६२,२२१** |
| **आयकर खर्च** | | | | |
| आयकर व्यवस्था | ३,०८,९२,६३,६९५ | २,८२,२६,८६,४६९ | २,९७,४९,७३,१८४ | २,७४,३५,९७,८७० |
| स्थगन कर खर्च / (आम्दानी) | (१६,७०,५४,०२५) | (३३,६३,२४,७८५) | (१६,४४,६२,१६४) | (३४,४६,४४,२१०) |
| **खुद नाफा / (नोक्सान)** | **६,१७,४८,१७,०९५** | **६,४७,१५,५२,२७४** | **५,९२,२१,४४,०४७** | **६,१९,७१,०८,५६१** |
| **खुद नाफा / (नोक्सान) मा हिस्सा** | | | | |
| बैंकका शेयरधनीहरुको | ६,१३,६३,७२,७४५ | ६,४२,५९,८५,९१६ | ५,९२,२१,४४,०४७ | ६,१९,७१,०८,५६१ |
| नियन्त्रण नहुने स्वार्थको (Non Controlling Interest) | ३,८४,४४,३५० | ४,५५,६६,३५८ | – | – |
| **खुद नाफा / (नोक्सान)** | **६,१७,४८,१७,०९५** | **६,४७,१५,५२,२७४** | **५,९२,२१,४४,०४७** | **६,१९,७१,०८,५६१** |

**नबिल बैंक लिमिटेडको**
**मिति २०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको**
**एकीकृत विस्तृत आयको विवरण** रू.

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
| **खुद नाफा/(नोक्सान)** | **६,१७,४८,१७,०९५** | **६,४७,१५,५२,२७४** | **५,९२,२१,४४,०४७** | **६,१९,७१,०८,५६१** |
| **कर पछिको नाफा/(नोक्सान) हिसाब बाहिरको आम्दानी/(खर्च) (Other Comprehensive Income)** | | | | |
| **क) भविष्यमा नाफा/(नोक्सान) हिसाबमा पुर्नवर्गीकरण नहुने शिर्षकहरु :** | | | | |
| लगानी उपकरण (शेयर) को बजार मूल्य परिवर्तनबाट भएको नाफा/(नोक्सान) | १,०४,२०,९२,०८४ | १९,४६,४०,८६८ | १,०३,७१,२२,७४४ | १९,४२,०६,५५४ |
| स्थिर सम्पत्तिको पुनर्मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | – | – | – | – |
| Actuarial Gain/(Loss) on defined benefit plans | (१३,१७,१०,७६२) | (८,४१,११,४७२) | (१३,०९,२६,६७०) | (८,३०,४८,९०५) |
| घटाउ : माथी उल्लिखित विषयसँग सम्बन्धित कर (खर्च)/आम्दानी | (२७,३१,१४,३९६) | (३,३१,५८,८१९) | (२७,१८,५८,८२२) | (३,३३,४७,२९५) |
| **भविष्यमा नाफा/(नोक्सान) हिसाबमा पुर्नवर्गीकरण नहुने शिर्षकहरुको खुद रकम** | **६३,७२,६६,९२६** | **७,७३,७०,५७७** | **६३,४३,३७,२५२** | **७,७८,१०,३५४** |
| **ख) भविष्यमा नाफा/(नोक्सान) हिसाबमा पुर्नवर्गीकरण हुन सक्ने शिर्षकहरु :** | | | | |
| Cash flow hedge मा भएको नाफा/(नोक्सान) | – | – | – | – |
| विदेशी विनिमयबाट भएको नाफा/(नोक्सान) (विदेशी कारोबारको वित्तीय सम्पत्तिहरु स्वदेशी मुद्रामा ल्याउँदा उत्पन्न भएको) | – | – | – | – |
| माथी उल्लेखित विषयसँग सम्बन्धित स्थगन कर (खर्च)/आम्दानी | – | – | – | – |
| यस वर्ष नाफा/(नोक्सान) हिसाबमा सारिएको रकम | | | – | – |
| **भविष्यमा नाफा/(नोक्सान) हिसाबमा पुर्नवर्गीकरण हुन सक्ने शिर्षकहरुको खुद रकम :** | **–** | **–** | **–** | **–** |
| **ग) सम्बद्ध कम्पनीको Other Comprehensive Income मा समूहको हिस्सा** | **–** | **–** | **–** | **–** |
| **कर पछिको खुद नाफा/(नोक्सान) हिसाब बाहिरको आम्दानी/(खर्च) (Other Comprehensive Income)** | **६३,७२,६६,९२६** | **७,७३,७०,५७७** | **६३,४३,३७,२५२** | **७,७८,१०,३५४** |
| **यस वर्षको खुद नाफा/(नोक्सान) तथा नाफा/(नोक्सान) हिसाब बाहिरको खुद आम्दानी/(खर्च) को जोड (Total Comprehensive Income)** | **६,८१,२०,८४,०२१** | **६,५४,८९,२२,८५१** | **६,५५,६४,८१,२९९** | **६,२७,४९,१८,९१५** |
| **Total Comprehensive Income मा हिस्सा :** | | | | |
| बैंकका शेयरधनीहरुको | ६,७७,२४,६७,८०२ | ६,५०,३५,३२,४०३ | ६,५५,६४,८१,२९९ | ६,२७,४९,१८,९१५ |
| नियन्त्रण नहुने स्वार्थको (Non Controlling Interest) | ३,९६,१६,२१९ | ४,५३,९०,४४८ | – | – |
| **यस वर्षको खुद नाफा/(नोक्सान) तथा नाफा/(नोक्सान) हिसाब बाहिरको खुद आम्दानी/(खर्च) को जोड (Total Comprehensive Income)** | **६,८१,२०,८४,०२१** | **६,५४,८९,२२,८५१** | **६,५५,६४,८१,२९९** | **६,२७,४९,१८,९१५** |

बाँकी अंश पृष्ठ ९ मा

